# कोल्हवी नगरपालिका

# स्थानीय राजपत्र

कोल्हवी नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ९ संख्या ८ मिति : २०८२।०८।०७**

## भाग २

### स्थानीय सरकार

## कोल्हवी नगरपालिका

## सूचना

### माछा क्लस्टर विकास कोष संचालन (पहिलो संशोधन) कार्यविधि, २०८२

माछा क्लस्टर विकास कोष संचालन कार्यविधि, २०७७ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले कोल्हवी नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमिति गर्ने) ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कोल्हवी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"माछा क्लस्टर विकास कोष संचालन (पहिलो संशोधन) कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **माछा क्लस्टर विकास कोष संचालन कार्यविधि २०७७ को अनुसूची-१ मा संशोधन :** माछा क्लस्टर विकास कोष संचालन कार्यविधि २०७७ को अनुसूची-१ मा को सट्टा अनुसूची-१ मा देहाय बमोजिम राखिएका छन् ।

**देहाय**

अनुसूची १

(कार्यविधिको दफा ८ संग सम्बन्धीत)

**माछा क्लस्टर विकास कोष परिचालनका लागि निर्देशन**

**कोल्हवी नगरपालिका**

क. कोषको रकम तपसिल अनुसाका क्रियाकलापहरु संचालन गर्नका लागि माछा क्लस्टर विकास समितिको निर्देशनमा उप समितिहरु तथा माछाकर्मीहरुको माध्यमले तोकिए अनुसार खर्च वा परिचालन गर्न सकिनेछ।

| क्र.स. | क्रियाकलापहरुको विवरण | क्रियाकलापको प्रकृति | कोषबाट योगदान प्रतिशतमा | लाभग्राहीको योगदान प्रतिशतमा | विशेष शर्त तथा अवस्थाहरु |
|---|---|---|---|---|---|
| १ | माछा क्लस्टर भित्रका पोखरी तथा माछा बिमा | सामूहिक | ८० | २० | |
| २ | विरवि/विरएस, बहुसरोकार गोष्ठी | सामूहिक | १०० | शुन्य | उप समितिले |

| | | | | | |
|---|---|---|---|---|---|
| | संचालन, माछा क्लस्टर परिचालकको तलब, सिपमुलक तालिम संचालन. अध्ययन अबलोकन भ्रमण, क्लस्टर सर्वेक्षण तथा प्रतिवेदन तयारी, माछा मेला महोत्सव संचालन एवम् सहभागी तथा समन्वय | | | | कम्तीमा एक बहुसरोकार गोष्ठी र ३ वि२वि अन्तरक्रिया वार्षिक रुपमा संचालन गर्नु पर्नेछ। |
| ३ | प्रयोगशाला निर्माण, माछा पोखरी विद्युतिकरण, पोखरी सम्म कृषि सडक निर्माण, जिउँदो माछा बजार निर्माण | सामूहिक | १०० | शुन्य | प्रयोगशाला र बजार बाट प्राप्त कूल आयको ५० प्रतिशत कोषमा जम्मा गर्नु पर्ने। |
| ४ | क्लस्टरमा हाल सम्म प्रयोगमा नआएको नयाँ प्रविधिको हकमा, पानी तथा माटोको अवस्था चेक जाँच गर्ने परीक्षण किट वितरण, पोखरीको | सामूहिक | ५० | ५० | एक समूहले कोषबाट दोश्रो पटक अनुदान प्राप्त गर्न कम्तीमा १.५ वर्षको अन्तर हुनु पर्नेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पानीमा अक्सिजन वृद्धि गर्ने मेसिन उपकरण, वायोफल्क प्रणालि र Recirculating Aquaculture System-RAS प्रणालि जडान आदी । | | | | |
| ५ | सिंचाइ सम्वद्ध बोरिङ, इनार तथा नाला वा कुलो निर्माण, मोटर, पम्पीङ सेट आदी । | सामूहिक | ५० | ५० | |
| ६ | पानीमा पस्ने सुट एवम् जुत्ता माछा मार्नेहरुका लागि मात्र | सामूहिक | ५० | ५० | |
| ७ | माछा संकलन गर्ने प्रविधि जस्तै कैरेट, जाल, स्तरीय भुरा उत्पादनका लागि आधुनिक हैचरी निर्माण वा हैचरी आधुनिकिकरण तर हैचरी सञ्चालकले क्लस्टर भित्रका कम्तीमा २०० जना नगरपालिका भित्रका | सामूहिक | ५० | ५० | कोषबाट दोश्रो पटक अनुदान प्राप्त गर्न कम्तीमा २ वर्षको अन्तर हुनु पर्नेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | किसानलाई उचित मूल्यमा गुणस्तर भुरा उपलब्ध गराउनु पर्नेछ। | | | | |
| ८ | जिउँदो वा फ्रेस माछा संकलन केन्द्र, जिउँदो माछा ढुवानिका सवारी साधन, माछा विक्री गर्ने आधुनिक विक्री कक्ष एवम् माछा विक्री गर्ने घुमन्ते विक्री कक्ष, (क्लस्टर भित्र वा वाहिरका व्यापारी जसले तय खरिद मूल्य अन्तर्गत क्लस्टर भित्रका कम्तीमा ४० जना किसानको माछा खरिद गरि विक्री वितरण गर्नु पर्नेछ।) | सामूहिक | ५० | ५० | यदि कलस्टर भित्रको माछा नगरपालिका वाहिर विक्री वितरण गर्नको लागि देश भित्र र नगरपालिका वाहिर विक्रि कक्ष वनाउने भएमा २ वर्ष भित्र फिर्ता गर्ने शर्तमा ५० सम्म अनुदान पाउन सक्नेछ। |
| ९ | स्तरीय दाना उत्पादनका लागि सहकार्य (शेयर) | सामूहिक | ५० | ५० | |
| १० | नगरपालिकाको स्वामित्वमा रहेको | सामूहिक | ५० | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जिर्ण पोखरीहरुको जिर्णोधार गर्न सक्नेछ तर यसरी कोषको रकमबाट जिर्णोधार गरिएको पोखरी बाट हुने कूल आयको **५० प्रतिशत** नियमितरुपमा कोषमा जम्मा गर्ने प्रतिवद्धता सहितको कागजात नगरपालिकाले बहुसरोकार गोष्ठी मा पेश गरि मंजुरी लिनु पर्नेछ। | | | | |

ख. दातृ निकायहरुको योगदानबाट संचालन हुने क्रियाकलापहरुको हकमा दातृ निकायले तोके वमोजिम वा नगरपालिका र दातृ निकाय विच भएको सहमति अनुसार क्रियाकलाप संचालन हुनेछ।

ग. माछा उत्पादक समूहहरुले कोषबाट अनुदान माग गर्नका लागि माछा क्लस्टर विकास समितीले तोके अनुसारको खाकामा प्रस्ताव पत्र तयार गरी पेश उप समिति मार्फत पेश गर्न सकिने छ वा समिती सार्वजनिक सुचना मार्फत पनि प्रस्ताव माग गर्न सकिनेछ।

घ. कोषबाट सहयोग लिन योग्य उत्पादक समूह, व्यापारी, भुरा उत्पादक वा अन्य माछाकर्मी लाई रकम भुक्तानी गर्दा कार्य सम्पादनको प्रकृती हेरी कोष अनुदान सम्झौतामा समितिले तोके अनुसारको किस्ता वनाई भुक्तानी दिईनेछ।

ङ. कोषबाट सहयोग स्वरुप लिएको रकमको फर्छयौट तथा फरफारक नगरपालिकाले तोके अनुसारको बजेट कार्यान्वयन कार्यविधि अनुसार हुनेछ।

**कार्यपालिकाबाट स्वीकृत : २०८२/०८/०३**

**प्रमाणीकरण मितिः २०८२।०८।०७**

**आज्ञाले,**

**पितानाथ लुइटेल**

**प्रमुख प्रशासकीय अधिकृत**